टीकापुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम

# जलवायु उत्थानशील योजना तथा अनुगमन पुस्तिका २०८३

असोज २०८३ / September 2026

टीकापुर नगरपालिका

## १. जलवायुका तीन चुनौती

**क. पानीको असन्तुलन :** एकातिर नदीनालाहरूमा नियमित बहाब घट्दो छ, पानीका स्रोतहरू खुम्चिदै छन् भने अर्कोतिर आकस्मिक भलबाढीले ठुलो क्षती पुर्‍याउने गरेको छ । साना खोला तथा खोल्सीहरू छिटो सुक्ने गरेका छन् भने कर्णाली जस्ता नदीहरूमा थिग्रेनी बढेका कारण नदीको धारले किनारा कटान गर्दा पूर्वी टीकापुर वासीमा भयत्रास बढ्दो छ । भूमिगत जलको तह घट्दै जाँदा पानी संकट झन् बढ्ने चिन्ता रहेको छ।

**ख. विषम मौसमका कारण कष्टकर जनजीवन:** अति गर्मी र अति चिसो मौसमका कारण कृषि, स्वास्थ्य, खानेपानी लगायत जीविकोपार्जनमा पर्ने असर बढ्दै गएको छ । उदाहरणको लागि विद्यालयमा पठनपाठन गर्न, खुला ठाँउमा काम तथा व्यवसाय गर्न, तथा महिला र सिमान्तकृत वर्गको स्वास्थ्य लगायत विविध पक्षमा असर पर्ने गरेको छ ।




**ग. विकास पूर्वाधार एवम् सम्पदा जोगाउन बढ्दो खर्च:** अति धेरै पानी, अति कम पानी र नदी प्रणालीमा हुने विपदका कारण विकासका संरचनाहरू दीगो हुन सकेका छैनन्।

टीकापुर नगरपालिकाको विकास प्रक्रिया विगत समयमा सडक, पूर्वाधार, कृषि, खानेपानी, सरसफाइ लगायतका सार्वजनिक सेवाको विस्तारमा केन्द्रित रहँदै आएको छ, तर विद्यमान नीति, योजना र कार्यक्रमहरूमा जलवायु तथा पानीजन्य जोखिमलाई थप संस्थागत र मूलप्रवाह गर्नुपर्ने आवश्यकता देखिन्छ। यस पुस्तिकाले नगरपालिकामा कार्यन्वयन हुने सबै क्रियाकलापहरू जलवायु उत्थानशील बनाउने तथा योजना तर्जुमा प्रक्रियामा मूलप्रवाहीकरण गर्ने कार्यलाई प्राथमिकता दिन जोड गर्दछ।



*चित्र १ : टीकापुर नगरपालिका-४ स्थित मौरनिया ताल*

### पानी व्यवस्थापन प्रमुख चुनौती

टीकापुरमा पानीजन्य जोखिम दुई प्रकारका छन् - "अति धेरै पानी" (वर्षायाममा बाढी, डुबान, कटान, पटान) र "अति कम पानी" (लामो सुख्खा, खडेरी, अति गर्मी)। यी दुवै जोखिमलाई एकीकृत जल व्यवस्थापनको दृष्टिकोणबाट सँगसँगै सम्बोधन गर्नु नै यस कार्यढाँचाको आधारभूत मान्यता हो । यसरी यो जानकारी पुस्तिकाको मुख्य दृष्टिकोण जलस्रोत-संकलन-उपयोग-जोखिम क्षेत्रलाई एउटै भू-जलीय प्रणालीका रूपमा व्यवस्थापन गर्ने रहेको छ ।

## जलवायु उत्थानशील नीति तथा कार्यक्रम किन ?

| **अति धेरै र थोरै पानीको संकट सम्बोधन गर्न** | **शीतल र हरियालीपूर्ण टीकापुर निर्माण गर्न** | **परियोजना चक्रमा जलवायु सुचक स्थापना र प्रयोग गर्न** |
|---|---|---|
| कर्णाली, मोहना र पथरिया नदी प्रणालीका कारण बाढी, डुबान, नदी कटान र पटानको जोखिम बढ्दै गएको छ, विशेषतः वडा नं. २, ५, ७, ८ र ९ मा। | सुख्खा याममा भूमिगत पानीको सतह घट्दै गई ट्युबवेल/बोरिङ सुक्ने र सिंचाइ-खानेपानीमा अभाव बढ्दो छ। | हालसम्मका योजना/बजेटमा जलवायु र पानी जोखिमको एकीकृत मूल्याङ्कन (Climate Screening) प्रणालीगत रूपमा लागू भएको छैन। |

## यस पुस्तिकाको उपयोग

- योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा जलवायु उत्थानशील नीति तथा कार्यक्रमको मूलप्रवाहीकरण
- "अति धेरै पानी र अति कम पानी" को लागि एकीकृत जल व्यवस्थापन अवधारणा अवलम्बन ।
- अति गर्मी र अति सुख्खा संकटसंग जुध्न पालिकाका नीति तथा कार्यक्रमहरूको अभिमुखिकरण ।
- भूमिगत पानी, जलग्रहण क्षेत्र र प्राकृतिक जल संरचनाहरूको संरक्षण ।
- पूर्वाधार विकासलाई जलवायु तथा जल उत्थानशील बनाउने र वार्षिक नीति-बजेटमा मूलप्रवाहीकरण ।
- जलवायु संकट निवारणका लागि संघ, प्रदेश, छिमेकी स्थानीय तह र सरोकारवाला निकायबीच समन्वय सुदृढ गर्ने।

यो पुस्तिका छुट्टै अनुकूलन योजना होइन - यो नगरपालिकाको नियमित योजना तथा विकास व्यवस्थापन प्रक्रियामा नै समाहित हुने **"हरेक योजना उत्थानशील तवरले कार्यान्वयन गर्ने तरिका"** हो।

## २. जलवायु संवेदनशीलता तथा जलजन्य जोखिमको अवस्था

वन तथा वातावरण मन्त्रालयको संकटासन्नता तथा जोखिम विश्लेषण प्रतिवेदन (२०२१) अनुसार टीकापुर राष्ट्रिय स्तरमा अति उच्च जलवायु संकटासन्नता भएको स्थानीय नगरपालिकामा गणना हुन्छ। *स्रोतः MoFE (2021)*[1]

- चित्र २ अनुसार टीकापुर नगरबासीले नियमित तापक्रमभन्दा २°C देखी ४°C बढी ताप सहनुपर्ने अवस्था देखिन्छ जसलाइ रातो डट रेखाले झल्काउँछ ।
- विगत तिस वर्षको वर्षाको तथ्यांक अध्ययन गर्दा असारदेखी असोजसम्म अत्यधिक धेरै बर्षा हुने र बाँकी समय अत्यन्त न्युन बर्षा हुने गरेको देखिन्छ ।
- विगतको तुलनामा तातो दिनहरू बढ्दै गएका पाइन्छ ।




● अधिकतम तापक्रम (°C) ● न्यूनतम तापक्रम (°C) ■ मासिक वर्षा (मिमि)

*चित्र २ : वार्षिक तापक्रम तथा वर्षाको प्रवृत्ति*

---

[1]*MoFE. (2021). Vulnerability and Risk Assessment and Identifying Adaptation Options: Summary for Policy Makers. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.*

## जलजन्य जोखिम

| अति धेरै पानी (वर्षायाम) | अति कम पानी (सुख्खा याम) |
|---|---|
| कर्णाली नदीको उच्च बहाव, नदी कटान र पटान; दक्षिणी भागमा पानी जम्ने (waterlogging) र डुबान; बेमौसमी वर्षा र आँधीहुरीले बालीनाली नष्ट; खानेपानी स्रोत प्रदूषण, सडक तथा पुल अवरोध। | भूमिगत जलस्तर घट्दै गई ट्युबवेल/बोरिङ सुक्ने; सिँचाइ र खानेपानी अभाव; माटोको चिसोपना घट्दा कृषि उत्पादनमा ह्रास; अति गर्मी (लू) र स्वास्थ्य जोखिम बढ्ने। |

## चार प्रमुख भू-जलीय क्षेत्रगत जोखिम तथा प्राथमिकताका कार्यहरू

**भावर / उत्तरी जलग्रहण क्षेत्र :** नगरपालिका क्षेत्र भन्दा माथि रहेतापनि यहाँबाट टीकापुरको भूमिगत जलस्रोत र जलप्रवाहमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले पुनर्भरण पोखरी, चेकड्याम र खोल्सी संरक्षण आवश्यक छ।

**मध्य तराई क्षेत्र (नगर केन्द्र) :** सतहको पानी छिट्टै बगेर जाने संरचना तथा भूमिगत रूपमा जल भण्डारण हुन पनि कम हुने अवस्था भएकोले भूमिगत जलस्तर अनुगमन र पूनर्भरण पोखरी निर्माण जस्ता संरचना यहाँ प्राथमिकतामा पर्छन्।

**दक्षिणी डुबान क्षेत्र :** पानी जम्ने यस भू-भागमा जल सञ्चय, निकास र पुनर्प्रयोगलाई एकीकृत रूपमा व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

**कर्णाली नदी करिडोर :** पूर्वी सीमामा रहेको यो करिडोर टीकापुरको प्रमुख प्राकृतिक जलस्रोत र प्रकृतिमा आधारित उत्थानशीलताको आधार हो; यहाँ हरित पेटी (Greenbelt) र बायोइन्जिनियरिङ प्रविधि प्रयोग गर्नुपर्छ।

| क्षेत्र | भू-जलीय अवस्था | प्रमुख जोखिम | प्राथमिकता प्राप्त कार्य |
|---|---|---|---|
| भावर क्षेत्र (उत्तरी, नगरपालिका भित्र र बाहिर) | मुख्य जलग्रहण तथा पुनर्भरण क्षेत्र | अत्यधिक वर्षाले तल्लो बस्तीमा उच्च प्रवाह | पुनर्भरण पोखरी, चेकड्याम, मुहान तथा खोल्सी संरक्षण, चुरे संरक्षण |
| मध्य तराई क्षेत्र (नगर केन्द्र) | सतहको पानी छिट्टै सोसिने, भूमिगत भण्डारण हुने | शहरीकरणसँगै पुनर्भरण क्षेत्र संकुचन | भूमिगत जलस्तर अनुगमन, पुनर्भरण पोखरी, हरित पार्क |
| दक्षिणी डुबान क्षेत्र | पानी जम्ने भू-भाग | वर्षायाममा दीर्घकालीन डुबान | जल सञ्चय/निकास/पुनर्प्रयोग सन्तुलन |
| कर्णाली नदी करिडोर (पूर्वी सीमा) | प्रमुख प्राकृतिक जलस्रोत तथा तटीय क्षेत्र | बाढी, नदी कटान, भू-क्षरण | हरित पेटी (Greenbelt), बायोइन्जिनियरिङ |

## भू-उपयोगको अवस्था




*चित्र ३ : भू-उपयोग नक्सा - स्रोत: ICIMOD, २०२१*

| भू-उपयोगको प्रकार | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | ९,०९३.४६ | ७७.१४% |
| वन क्षेत्र | ९९३.९० | ८.४३% |
| घाँसे क्षेत्र | ७३१.९६ | ६.२१% |
| पानीले ढाकेको क्षेत्र | ५४०.६२ | ४.५९% |
| नदी किनार (बगर) | २१७.२१ | १.८४% |
| निर्माण क्षेत्र | ११२.८३ | ०.९६% |
| झाडी/बुट्यान/अन्य | ९६.६५ | ०.८२% |
| बाँझो जग्गा | १.३४ | ०.०१% |

- टीकापुर नगर क्षेत्रमा कृषी क्षेत्र प्रशस्त (७७.१४%) रहेको र बाँकी भूउपयोग न्युन रहेको छ ।
- वन, बुट्यान र घाँसे क्षेत्र करिव १५% मात्र रहेको देखिन्छ ।

## ३. जलवायु उत्थानशीलताको मार्गचित्र

यस पुस्तिकाले टीकापुर नगरपालिकाका सबै क्षेत्रगत नीति तथा कार्यक्रमलाई जलवायु उत्थानशील दृष्टिकोणबाट मूलप्रवाहीकरण तथा पुनरावलोकन गर्न मार्गचित्र प्रस्तुत गरेको छ।

| कार्य विभाजन | जिम्मेवारी |
|---|---|
| आर्थिक विकास शाखा | कृषि, खाद्य सुरक्षा, सिँचाइ, पशुपालन, उद्योग-व्यापार, रोजगारी |
| सामाजिक विकास शाखा | शिक्षा, स्वास्थ्य, खानेपानी-सरसफाइ, लैंगिक समानता, समावेशीकरण |
| पूर्वाधार विकास शाखा | आवास, सडक-पुल, जलस्रोत, विद्युत-ऊर्जा, ढल निकास |
| वातावरण तथा विपद् व्यवस्थापन शाखा | वन, हरियाली, भू-संरक्षण, नदी नियन्त्रण, विपद् जोखिम व्यवस्थापन |
| संस्थागत विकास तथा सुशासन शाखा | संगठन, जनशक्ति, सेवा प्रवाह, तथ्याङ्क, योजना-बजेट व्यवस्थापन |

# योजना कार्य




### नदी प्रणाली र भोगोलिक क्षेत्र

- टीकापुर नगरपालिकामा कर्णाली, मोहना, पथरिया, रानी जमरा, कुलरिया जस्ता नदी प्रणाली रहेका छन् । कर्णाली नदीले विशेष गरी वडा नंम्बर ५ ७ ८ र ९ मा असर गरेको छ । रानी जमरा कुलरिया र सार्वजनिक तथा नीजि पक्की कंक्रिट संरचनाका कारण पानी रिचार्ज कम हुन थालेको स्थानीयको भनाइ रहेको छ ।
- नदीको दुवै किनारा र खुल्ला स्थानहरूमा जलवायु उत्थानशील कार्यक्रम लागू हुने विशेषा क्षेत्र हुन् । नदीको दुवै तर्फ ५० मि. देखि २०० मि. सम्मको हरित करिडोर क्षेत्र तोकेर स्थायी संरचना निर्माण नगर्ने प्रबन्ध मिलाउनु पर्दछ ।




चित्र ४ : नदी प्रणाली (कर्णाली, मोहना, पथरिया, रानी-जमरा कुलरीया)

### दीर्घकालीन लक्ष्य

नगर क्षेत्रमा कम्तीमा ३०% हरियाली क्षेत्र र ३% जलाशय क्षेत्र कायम गर्ने, औसत प्राकृतिक हरियाली सुचक (NDVI) मान ०.४०-०.५० र नदी किनार/वन क्षेत्रमा NDVI ०.६०-०.८० कायम गर्ने दीर्घकालीन लक्ष्य राखिएको छ।

*नोट : प्राकृतिक हरियाली सुचकको मान ० देखी १ सम्म हुन्छ । ०.०-०.२ नाङ्गो जमिन वा अत्यन्त कम वनस्पति, ०.२-०.४ कम घनत्वको हरियाली, ०.४-०.६ मध्यम हरियाली (न्यूनतम उपयुक्त अवस्था, तापक्रम नियमन र वातावरण सन्तुलन), ०.६-०.८ घना वन (उपयुक्त अवस्था, जलवायु उत्थानशीलता र जैविक विविधता संरक्षण) र स्वस्थ्य वनस्पति, ०.८-१.० अत्यन्त घना वन ।*




*चित्र ५ : टीकापुर नगरपालिकाको प्राकृतिक हरियाली सूचक (NDVI) नक्सा*

## जलवायु उत्थानशील पानी व्यवस्थापनका प्रमुख उपाय

| चरण | प्रमुख उपाय |
|---|---|
| १ संकलन र भण्डारण | पुनर्भरण पोखरी, वर्षातको पानी सङ्कलन ट्यांकी, साना जलाशय निर्माण |
| २ पुनर्भरण र संरक्षण | पुनर्भरण पोखरी, मुहान संरक्षण, चेकड्याम निर्माण |
| ३ दक्षतापूर्ण उपयोग/सदुपयोग | थोपा सिँचाइ, बहुउपयोग प्रणाली (MUS), पानीको पुन:प्रयोग |

## ४. विषयगत क्षेत्रगत कार्यान्वयन प्राथमिकता

### कृषि तथा खाद्य सुरक्षा

- वडागत जलवायु अनुकूल कृषि पकेट क्षेत्र सञ्चालन
- सुख्खा/डुबान सहनशील बालीको प्रवर्द्धन
- वर्षाको पानी सङ्कलन र पुनर्भरण प्रविधि विस्तार
- कृषि तथा पशुपन्छी बीमामा प्रोत्साहन
- जैविक मल, बायोचार र माटोमा जैविक पदार्थ वृद्धि

### वातावरण तथा जोखिम व्यवस्थापन

- (५० मि. देखि ५०० मि. सम्म) नदी किनारमा हरित पेटी निर्माण
- पोखरी, सिमसार क्षेत्रको संरक्षण र पुनर्स्थापना
- पूर्व सूचना (Early Warning) संयन्त्र सुदृढीकरण
- प्रकृतिमा आधारित समाधानका उपाय अवलम्बन
- आकाशे पानी संकलन र भूमिगत इनारमा व्यवस्थापन

### खानेपानी तथा सरसफाइ

- मूल तथा मुहान संरक्षण, भूमिगत जल पुनर्भरण अनिवार्य
- स्रोतदेखि उपयोगसम्मको जल सुरक्षा मूल्याङ्कन
- बाढी-उत्थानशील खानेपानी तथा सरसफाइ संरचना
- पानीको गुणस्तर नियमित अनुगमन प्रणाली

### स्वास्थ्य, शिक्षा तथा सामाजिक संरक्षण

- बाढी/खडेरी/लू जोखिमबाट पर्ने असरको सेवा निरन्तरता
- विद्यालय-स्वास्थ्य संस्थामा वर्षात् को पानी सङ्कलन संरचना
- बालबालिका, ज्येष्ठ नागरिक, सीमान्तकृत समूहलाई प्राथमिकता
- ठूला पार्क हरियाली र पोखरीहरूको व्यवस्थापनमा सहभागिता बढाउने

| जलवायु-उत्थानशील पूर्वाधार | संस्थागत विकास तथा सुशासन |
|---|---|
| • सडक, पुल, कल्भर्ट डिजाइनमा उच्च जल प्रवाह विश्लेषण<br>• जमिनमुनी पानी जानसक्ने सतह (permeable surface) प्रविधि<br>• हरेक पूर्वाधार योजनामा जलवायु-सूचक निर्माण | • हरेक शाखामा जलवायु सम्पर्क व्यक्ति तोक्ने<br>• वार्षिक बजेटमा जलवायु बजेट कोडिङ (Climate Budget Coding) लागू गरी अनुगमन गर्ने<br>• वडा तथा नगर स्तरीय जलवायु मूल्याङ्कन प्रतिवेदन साझा गर्ने |

### शाखागत मुख्य जिम्मेवारी

| शाखा / महाशाखा | मुख्य भूमिका |
|---|---|
| आर्थिक विकास महाशाखा | कृषि शाखा : पानी अभाव (सुख्खा) र अति वर्षा (डुबान) दुवैको व्यवस्थापन गर्ने कृषि प्रणाली विकास गर्ने । |
| पूर्वाधार शाखा | पानीको निकास र पुनर्भरण संरचना सुनिश्चित गर्ने । जलवायु मैत्री संरचना निर्माण तथा अनुगमन गर्ने । |
| वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्रकृतिमा आधारित उपाय र जलस्रोत संरक्षण अभियान सञ्चालन गर्ने । बाढी, डुबान र सुख्खामा पूर्वतयारी तथा शीघ्र प्रतिकार्य योजना बनाइ कार्यान्वयन गर्ने गराउने । |
| स्वास्थ्य शाखा | जलवायुजन्य स्वास्थ्य जोखिम व्यवस्थापन तथा पूर्वतयारी कार्य गर्ने । |
| योजना शाखा | सबै क्षेत्रको जलवायु जोखिम मूल्याङ्कन गरी बजेट तर्जुमा तथा जलवायु वजेट कोड लागू गर्ने । |

## ५. संस्थागत व्यवस्था, वित्तीय स्रोत तथा अनुगमन

### तहगत भूमिका र जिम्मेवारी

| तह / निकाय | मुख्य भूमिका |
|---|---|
| स्थानीय तह (टीकापुर नगरपालिका) | नीति-बजेट-योजना तर्जुमा, तत्काल उद्धार-राहत, साना कुलो/पोखरी व्यवस्थापन, खानेपानी गुणस्तर सुनिश्चितता |
| प्रदेश सरकार (सुदूरपश्चिम प्रदेश) | मझौला/ठूला तटबन्ध, बायोइन्जिनियरिङ, कृषि बीमा अनुदान, प्राविधिक सहयोग |
| संघीय सरकार (नेपाल सरकार) | कर्णाली नदी नियन्त्रण गुरुयोजना, राष्ट्रिय गौरवका आयोजना, मौसम पूर्वानुमान प्रविधि, चुरे संरक्षण नीति |
| गैरसरकारी संस्था / आयोजना | सामुदायिक सचेतना-क्षमता विकास, नवीन प्रविधि प्रवर्द्धन, आपत्कालीन राहत, अध्ययन-अनुसन्धान |
| स्थानीय समुदाय | परम्परागत जलस्रोत संरक्षण, सामुदायिक विपद् व्यवस्थापन, सामूहिक सिँचाइ व्यवस्थापन |

| सम्भावित वित्तीय स्रोत | | | क्षमता विकासका प्राथमिकता क्षेत्र |
|---|---|---|---|
| नगरपालिकाको आन्तरिक बजेट | संघीय सशर्त/ समपूरक अनुदान | प्रदेश सरकारका कार्यक्रम | • जलवायु परिवर्तन तथा जलचक्र/भूगर्भ शास्त्र<br>• भूमिगत जल व्यवस्थापन तथा जल सुरक्षा |
| वन/वातावरण/ जलवायु कोष | विपद् व्यवस्थापन कोष | खानेपानी/सिँचाइ कार्यक्रम | • प्रकृतिमा आधारित समाधान तथा बायोइन्जिनियरिङ<br>• जलवायुमैत्री कृषि (Climate-Smart Agriculture) |
| रानी जमरा कुलरिया आयोजना | विकास साझेदार संस्था | निजी क्षेत्र | • विपद् पूर्वतयारी, उद्धार, प्रतिकार्य र पुनर्स्थापना<br>• जलवायु बजेट तथा बजेट कोड प्रणाली |

**प्रगति मापनका लागि प्रमुख अनुगमन सूचकहरू**

| सूचक | विवरण |
|---|---|
| हरियाली क्षेत्र | वनले ढाकेको क्षेत्र, हरित पेटी, शहरी हरियाली र NDVI प्रवृत्ति |
| भूमिगत जलस्तर | वडागत जलस्तर तथा गुणस्तर |
| पुनर्स्थापित पोखरी | संरक्षित/पुनर्स्थापित सङ्ख्या |
| जलवायु बजेट | विनियोजित रकम/अनुपात |
| विपद् क्षति ह्रास | बाढी/डुबान/कटानबाट भएको क्षति |
| सेवा उपलब्धता | सदाबहार खानेपानी/सिँचाइ पहुँच |

## ६. प्राथमिकतामा राखेर तत्काल लागू गर्ने प्रस्तावित सुझाव

१. **जलवायु समन्वय संयन्त्र स्थापना -** हरेक विषयगत शाखामा जलवायु फोकल पर्सन तोक्ने, नगर तथा वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति गठन/अद्यावधिक गर्ने, वातावरण तथा विपद व्यवस्थापन शाखाले सबै कार्यको सयोजन गर्ने ।

२. **जलवायु जाँच (Climate Screening) अनिवार्य -** हरेक नयाँ आयोजना स्वीकृत गर्नुअघि जोखिम, जल सुरक्षा र प्राकृतिक पुनर्स्थापनाको मूल्याङ्कन गर्ने प्रणाली लागू गर्ने।

३. **वडागत जल-जलवायु प्रोफाइल तयारी -** भूमिगत जलस्तर, गुणस्तर, पुनर्भरण र मागको सम्बन्ध देखाउने वडागत प्रोफाइल तयार गर्ने।

४. **जलवायु बजेट कोडिङ सुरु गर्ने -** वार्षिक बजेटमा जलवायु बजेट कोड **(**Climate Budget Coding**)** लागू गरी क्षेत्रगत बजेट पारदर्शी रूपमा अनुगमन गर्ने।

५. **प्राथमिकताप्राप्त पूर्वाधार सुरु गर्ने -** कर्णाली किनारमा हरित पेटी, दक्षिणी क्षेत्रमा जल निकास-संरक्षण संरचना र माथिल्लो उतरी क्षेत्रमा सामुदायिक पुनर्भरण पोखरी निर्माण अगाडि बढाउने।

६. **अन्तर-पालिका र प्रदेश समन्वय सुदृढ -** कर्णाली नदी आसपासका पालिका सग समन्वय तथा टीकापुर सग सिमाना जोडिएका र माथिल्लो क्षेत्रमा रहेका राजापुर/जानकी/भजनी/लम्कीचुहासँग नियमित संवाद स्थापित गर्ने। रानी जमरा कुलरिया बहुउदेश्यिय आयोजना, राष्ट्पती तराइ चुरे मधेस विकास समिती, डिभिजन वन कार्यालय, भूमिगत जलसग सम्बन्धित कार्यालयहरूसग नियमित समन्वय गर्ने ।

७. **एकीकृत तथ्याङ्क प्रणालीको सुदृढीकरण:** नगरयोजनाका हरेक विधामा जलवायुमैत्री सूचकांक प्रयोग गरेर पानीका स्रोत, प्रणाली र पहुँच सुनिश्चित गर्ने अवसर छ। जलवायु र पानीका उपलब्ध आंकडाहरूलाई एकीकृत प्रणालीबाट प्रयोग गर्न मिल्ने संयन्त्रको विकास गर्न सकिन्छ।

८. **नयाँ बजेटमा वृहत्तर नीति लागू गर्ने अवसर:** संघीय तथा प्रदेश सरकारहरूले बजेट विनियोजन गर्दा जलवायु सहनशील पूर्वाधारलाई प्राथमिकता दिनुपर्छ। जलस्रोत संरक्षण तथा व्यवस्थापनका लागि नयाँ नीति तथा कार्यक्रमहरू लागू गर्न सकिन्छ।

## सामुदायिक सहभागिता

कर्णाली नदी करिडोर र दक्षिणी डुबान क्षेत्रमा टोल विकास सस्था, सामुदायिक वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिँचाइ उपभोक्ता समिति र महिला समूहहरूसँगको सहकार्यबाट मात्र दिगो जलवायु उत्थानशीलता सम्भव हुन्छ। थारू समुदायमा प्रचलित परम्परागत पानी व्यवस्थापन ज्ञानलाई आधुनिक अभ्याससँग जोड्नु आवश्यक छ।





## धन्यवाद ज्ञापन

यस पुस्तिका तयार गर्न सहयो गर्नु हुने टीकापुर नगरपालिकाका सम्पूर्ण पदाधिकारीहरू स्थानीय समुदाय र नेपाल पानी सदुपयोग फाउण्डेशनका विश्हरू लगायत सम्पूर्णमा धन्यवाद ज्ञापन गर्न चाहान्छौं । यो कार्यक्रम स्थानीय सरकार सबलीकरण कार्यक्रम अन्तर्गत द एशिया फाउण्डेशनको आर्थिक सहयोगमा संचालन भएको हो ।

टीकापुर नगरपालिका

स्थानीय सरकार सबलीकरण
Australian Aid | The Asia Foundation
The Australian Government – The Asia Foundation Partnership in Nepal
द एशिया फाउण्डेशन

नेपाल पानी सदुपयोग फाउण्डेशन



थप जानकारी
प्राज्ञिक अनुसन्धानका लागि नेपाल पानी सदुपयोग फाउण्डेशन
(NEPAL WATER CONSERVATION FOUNDATION FOR ACADEMIC RESEARCH - NWCF)
Chundevi, Maharajgunj, Kathmandu, Nepal
Tel: 4720744 ,4720667-1-977 | www.nwcf.org.np